
स्थानीय निकायको नाम

२०२१ साल नोभेम्बर १६

# नोभल कोरोना भाइरस खोप
# बुस्टर डोज (तेस्रो डोज) खोप सम्बन्धीको सूचना




**खोप लिनको लागि कार्य प्रवाह**

## 1 खोप पत्र हुलाक बाट आउँछ

**खोप पत्र प्राप्त गरेका व्यक्तिले खोप लिन सक्नेछन् ।**

*बुस्टर डोज खोपको बुकिङ लिन सुरु गर्ने अवधि हरेक नगर, टोल वा गाउँपालिका आदिको कार्यालय अनुसार फरक पर्नेछ ।
*खोप लिने मिति सम्ममा १८ वर्ष वा सोभन्दा बढि उमेरका व्यक्तिले खोप लिन सक्नेछन् ।



## 2 स्वास्थ्य संस्था / खोप केन्द्र खोज्ने

**नगर, टोल वा गाउँपालिकाको सार्वजनिक सूचना तथा इन्टरनेटबाट खोप लिन सकिने स्वास्थ्य संस्था तथा खोप केन्द्रको खोजि गर्नौं । साथै, स्वास्थ्यकर्मीहरुले आ-आफूले काम गर्ने स्वास्थ्य संस्थाबाट खोप लिन सकिने अवस्था पनि हुनसक्नेछ ।**
**विस्तृत जानकारीको लागि आ-आफूले काम गर्ने स्वास्थ्य संस्थामा बुझ्नुहोस् ।**

**खोप सम्बन्धी साधारण जानकारी वेबसाइट**
**'कोरोना खोप नाभिगेशन'**
https://v-sys.mhlw.go.jp

* स्वास्थ्य संस्था तथा खोप केन्द्र खोज्न नसक्ने खण्डमा, तपाईं बसोबास गर्नुहुने नगर, टोल वा गाउँपालिका आदिको कार्यालयमा सोधपुछ गर्न सक्नुहुनेछ ।
* अस्पतालमा भर्ना भइरहेका व्यक्ति वा कुनै अस्थायी आवास केन्द्रमा बसोबास गर्ने व्यक्ति आदि बाहेक, साधारणतया बसाइ दर्ता रहेको नगर, टोल तथा गाउँ (ठेगाना रहेको स्थान) मा नै खोप लिन सकिन्छ ।
ठेगाना रहेको स्थान बाहेक अन्य स्थानमा खोप लिने बारेमा पछाडि पृष्ठ हेर्नुहोस् ।
* कोरोना खोप नाभिगेशनद्वारा प्रत्यक्ष खोपको बुकिङ गर्न सकिँदैन ।

## 3 बुकिङ गरेर खोप लगाउने

**खोप शुल्क नि:शुल्क** (सम्पूर्ण शुल्क सरकारीस्तरबाट)

**नगर, टोल वा गाउँ अथवा बुकिङ गराइरहनुभएको स्वास्थ्य संस्थामा सोधपुछ गर्नुहोस् ।**

**नगर, टोल वा गाउँको खोप लगाउने स्थल** — कल सेन्टर : 0000-0000-0000

**नजिकको तोकिएको स्वास्थ्य संस्था** — स्वास्थ्य संस्थामा प्रत्यक्ष बुकिङ (टेलिफोन, इन्टरनेट आदिबाट)



खामभित्र राखिएको पत्र सबै

\+



माइनम्बर कार्ड आदि

| खोप लिने दिन साथमा ल्याउने सामान | |
|---|---|
| | **· यो सूचना हालिएको खामभित्र राखिएको पत्र सबै**<br>**· व्यक्ति स्वयमको परिचय गराउने पत्रहरू (माइनम्बर कार्ड, ड्राइभिङ लाइसेन्स, स्वास्थ्य बीमा पत्र आदि)** |

*खामभित्र **'खोप लिन सकिने पत्रको छाप लगाइएको खोप पूर्व स्वास्थ्य सम्बन्धी प्रश्नपत्र'** र **'प्रतिरोध खोप लगाएको प्रमाणपत्र'** पनि सँगै हालिएको हुनेछ । नहराउने गरि जतनका साथ राख्नुहोस् ।
(खोप लिन सकिने पत्र र प्रतिरोध खोप लगाएको प्रमाणपत्र एउटै पत्रमा सँगै तयार पारिएको पनि हुनसक्नेछ ।)
*खोप लिनुभन्दा अगाडि घरमा आफ्नो शरीरको तापक्रम नाप्ने, ज्वरो आएको स्पष्ट भएमा वा सञ्चो नभएको अवस्थामा, खोप नलिने र बुकिङ गरेको नगर, टोल वा गाउँको सोधपुछ निकाय वा स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।
*खोपको खोप लिने बेला तुरुन्त पाखुरा निकाल्न सक्ने खालको लुगा लगाएर जाने कुरामा सहयोगको लागि अनुरोध गरिन्छ ।

## ◎ बुस्टर डोजको खोप लिनमा विशेष गरि उचित मानिएका व्यक्ति

・वृद्धावस्थाका व्यक्ति, शरीरमा मुल रोग भएका व्यक्ति आदि '**गम्भीर रोग हुनसक्ने उच्च खतरा भएका व्यक्ति**'
・रोग गम्भीर हुनसक्ने उच्च खतरा भएका व्यक्तिसँग सम्बन्धित व्यक्ति तथा स्याहार सेवा गर्ने व्यक्ति (स्याहार सेवाको काम गर्ने व्यक्ति आदि) '**रोग गम्भीर हुनसक्ने उच्च खतरा भएका व्यक्तिसँगको सम्पर्क बढि भएका व्यक्ति**'
・स्वास्थ्य कर्मी आदिको '**पेशा आदिका कारणले भाइरससँगको संसर्गको खतरा उच्च भएका व्यक्ति**'

## ◎ बसाइ दर्ता रहेको स्थान (ठेगाना रहेको स्थान) बाहेकका स्थानमा खोप लिने बारेमा

・अस्पतालमा भर्ना भइरेहका वा कुनै अस्थायी आवास केन्द्रको स्वास्थ्य संस्था वा आवास संस्थामा खोप लगाउने व्यक्ति ➡ **स्वास्थ्य संस्था वा आवास संस्थामा परामर्श लिनुहोस् ।**
・शरीरमा मुल रोग भएका कारणले उपचार गराइरहेको स्वास्थ्य संस्थामा खोप लगाउने व्यक्ति ➡ **स्वास्थ्य संस्थामा परामर्श लिनुहोस् ।**
・हाल बसोबास गर्ने स्थान र बसाइ दर्ता गरेको स्थान (ठेगाना) फरक हुने व्यक्ति ➡ **वास्तवमा बसोबास गर्ने स्थानमा खोप लिन पनि सक्नेछ ।**

वास्तवमा बसोबास गर्नुहुने स्थानको नगर, टोल वा गाउँपालिका आदिको कार्यालयको होमपेजमा हेरेर निश्चय गर्ने अथवा परामर्श केन्द्रमा सोधपुछ गर्नुहोस् ।

## ◎ खोप लगाउनको लागि, लगाउने व्यक्ति स्वयमको मञ्जुरीको आवश्यकता हुनेछ ।

खोप लगाउने बेला, सङ्क्रमण रोकथामको प्रभाव र खोपको साइड इफेक्टको खतरा दुबैको बारेमा सही ज्ञान हासिल गरिसके पछि, लगाउने व्यक्ति स्वयमको इच्छाको आधारमा खोप प्रतिको निर्णय गर्नुहुन अनुरोध गरिन्छ । लगाउने व्यक्तिको मञ्जुरी बिना खोप लगाउने कार्य हुनेछैन ।

कार्यालयमा वा वरिपुरिका व्यक्तिद्वारा खोप लिनको लागि दबाब दिने वा खोप नलिएका व्यक्तिप्रति भेदभावपूर्ण व्यवहार गरिने जस्ता कार्य कुनै हालतमा पनि हुनु हुँदैन ।

## ◎ प्रतिरोध खोपका कारण स्वास्थ्यमा पर्न जाने प्रतिकूल असर प्रतिको राहत प्रणालीको व्यवस्था छ ।

प्रतिरोध खोपले स्वास्थ्य समस्या (बिरामी हुने वा दीर्घकालीन असर रहिरहने) निम्त्याउन सक्छ । अत्यन्त बिरलै हुने यस्ता स्वास्थ्यमा पर्न जाने असर हटाउन नसकिने हुनाले राहत प्रणालीको व्यवस्था गरिएको छ ।


आवेदनका लागि आवश्यक प्रक्रियाको बारेमा बसाइ दर्ता रहेको नगर, टोल तथा गाउँको कार्यालयमा परामर्श गर्नुहोस् ।

## ◎ खोप लगाइ सकेपछि पनि, मास्क लगाउने आदि सङ्क्रमण रोकथामको उपाय निरन्तर अपनाउन अनुरोध गरिन्छ ।

नोभल कोरोना भाइरस खोप, नोभल कोरोना भाइरस सङ्क्रमण उत्पन्नको रोकथाम गर्नमा उच्च प्रभावकारी हुन्छ भनि निश्चित भएको छ तर उक्त प्रभाव १०० % हुन्छ भन्ने होइन । साथै, भाइरसको नयाँ भेरियन्टको प्रभावले पनि त्यसो हुन्छ ।

यसकारण, तपाईंहरू समक्ष सङ्क्रमण रोकथामको उपाय निरन्तर अपनाउन अनुरोध गरिन्छ । ठोस रुपमा ३ मिचु (भीडभाड, अत्यन्त निकट, बन्द कोठा)' बाट टाढा रहने, मास्क लगाउने, साबुनले हात धुने तथा स्यानिटाईजर द्वारा हात तथा औंला कीटाणुरहित गर्ने आदि जस्ता कार्य स्फुर्तरुपमा गर्नुहुन अनुरोध गरिन्छ ।

**सङ्क्रमण रोकथामका उपायलाई निरन्तरता दिन अनुरोध गरिन्छ ।**




**नोभल कोरोना भाइरस खोपको प्रभावकारिता तथा सुरक्षात्मक पक्ष आदि सम्बन्धी विस्तृत जानकारीको लागि, स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको होमपेजको 'नोभल कोरोना भाइरस खोप सम्बन्धी'को साइटमा हेर्नुहोस् ।**

स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालय कोरोना खोप | **सर्च**

होमपेज हेर्न नसकेको खण्डमा, बसाइ गर्नुहुने नगर, टोल वा गाउँपालिकामा परामर्श गर्नुहोस् ।

सोधपुछका लागि